# पत्रकार सुरक्षा नीति
# २०७४

**नेपाल पत्रकार महासङ्घ**

**२०७४**

# कृतज्ञता

स्वतन्त्र र व्यावसायिक पत्रकारिताको विकास, विस्तार र प्रवर्द्धनका लागि पत्रकार, सञ्चार गृह र प्रेस सामग्रीको सुरक्षाको प्रत्याभूति हुनु अनिवार्य छ । सुरक्षा सुनिश्चित भए मात्र निर्भिक रुपमा पत्रकारिता हुन सक्छ ।

राज्यका नागरिकलाई सुरक्षा प्रदान गर्नु राज्यको दायित्व हो, जसमा पत्रकार स्वतः पर्छन् । संक्रमणकालको अन्त्य भइनसकेको हाम्रो मुलुकमा व्यवहारिक रुपमा पत्रकारलाई सुरक्षा चुनौती कायमै छ । राज्य र गैरराज्यपक्षबाट प्रेस स्वतन्त्रताका उल्लंघनका घटना हुँदै आएका छन् । अघिल्ला वर्षका तुलनामा संख्यात्मक रुपमा प्रेस स्वतन्त्रता उल्लंघनका घटनामा कमी आएपनि पत्रकारले ढुक्कसाथ काम गर्ने वातावरण अझ पनि बनेको छैन । प्रेस स्वतन्त्रता उल्लंघनका कतिपय घटना भएपनि कैयौं पत्रकारले सार्वजनिक नगरेको अवस्था छ । घटना भई सार्वजनिक नुहँदा दोषीलाई कानूनी दायरामा ल्याउन सक्ने वातावरण बन्दैन । त्यसैले आफ्नो सुरक्षाप्रति पत्रकार र सञ्चार गृह पनि सचेत हुन जरुरी छ ।

नेपाल पत्रकार महासङ्घको सातवटा प्राथमिकतामध्ये पत्रकारको सुरक्षा एउटा मुख्य विषय हो । त्यसैले महासङ्घले पत्रकारको सुरक्षालाई महत्वका साथ उठाउँदै आएको छ । यससँगै महासङ्घले सञ्चार गृहको सुरक्षा र मिडियाको सामग्री प्रकाशन तथा प्रसारणमा कुनै पनि खालको अवरोध हुनु हुँदैन भन्ने कुरालाई पनि जोड दिँदै आएको छ । त्यसैले पत्रकारहरुमाथि हुने आक्रमण, धम्की, पेशागत असुरक्षा लगायतका सुरक्षा चुनौतीहरुलाई संवेदनशीलताका आधारमा वर्गीकरण गर्ने, सुरक्षा चुनौतीको संवेदनशीलताका आधारमा नेपाल पत्रकार महासङ्घले खेल्नु पर्ने भूमिका र जोखिम न्यूनीकरणका लागि गर्नु पर्ने कार्यहरु स्पष्ट पार्ने तथा पत्रकार सुरक्षाका लागि नेपाल पत्रकार महासङ्घ केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुमा रहने पत्रकार सुरक्षा संयन्त्रका बारेमा स्पष्ट गर्ने उद्देश्यले महासङ्घले पत्रकार सुरक्षा नीति, २०७४ तयार पारेको हो । साथै यो नीतिले घटनाको अभिलेखीकरण र प्रकाशन–प्रसारण तथा तत्पश्चात्को कानुनी उपचारको बाटो पनि देखाउने विश्वास लिइएको छ ।

पत्रकार सुरक्षा नीति, २०७४ तयार पार्ने क्रममा महत्वपूर्ण भूमिका निर्वाह गरेका नेपाल पत्रकार महासङ्घका पूर्व अध्यक्ष शिव गाउँलेका साथै विनोद भट्टराई, भुवन केसी र हिरण्य जोशीलाई विशेष धन्यवाद दिन चाहन्छु । महत्वपूर्ण सुझाव तथा सल्लाह दिने महासङ्घका उपाध्यक्षद्वय खिलबहादुर भण्डारी र अनिता विन्दू, महासचिव उजिर मगरसहित कार्य समितिका सबै पदाधिकारी, विज्ञ, वरिष्ठ पत्रकार, पत्रकार तथा आर्थिक तथा प्राविधिक सहयोग गर्ने इन्टरनेशनल मिडिया सपोर्टलाई हार्दिक धन्यवाद छ ।

डा. महेन्द्र विष्ट
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ

# विषय सूची


१. **परिचय** ........ १

२. **पत्रकारका सुरक्षा चुनौतीहरु** ........ ५

३. **उद्देश्य** ........ ७

४. **सुरक्षा चुनौतीको वर्गीकरण** ........ ८

५. **सुरक्षा चुनौतीको सामना गर्ने नीति** ........ १०

५.१ जानकारीमा लिने/ सम्बन्धित पक्षहरुसँग बुझ्ने ........ ११

५.२ विज्ञप्ति प्रकाशित गर्ने ........ ११

५.३ दबाबमूलक गतिविधि गर्ने ........ ११

५.४ दर्ता गर्ने/गराउने ........ ११

५.५ उद्धार गरी स्थान परिवर्तन गर्ने ........ १२

६. **गोपनीयता सम्बन्धी नीति** ........ १२

७. **पत्रकार स्वयंले अपनाउनु पर्ने सतर्कता** ........ १२

७.१ आचार संहिताको पूर्ण पालना गर्ने ........ १३

७.२ व्यक्तिगत सुरक्षाको ख्याल गर्ने ........ १३

७.३ समाचारको संवेदनशीलतालाई बुझेर सोही अनुसार तयारी गर्ने ........ १३

७.४ महासङ्घको सम्बन्धित शाखामा तुरुन्तै सूचना गर्ने ........ १३

७.५ सुरक्षा निकायहरुलाई खबर गर्ने ........ १३

८. **पत्रकार सुरक्षा तथा प्रेस स्वतन्त्रता उल्लंघन अनुगमन, अभिलेखीकरण तथा सम्बोधनका लागि संयन्त्र** ........ १४

९. **समन्वय र सहकार्य** ........ १५

१०. **लागु** ........ १५

११. **संशोधन तथा परिमार्जन** ........ १५

# पत्रकार सुरक्षा नीति, २०७४

## १. परिचय

प्रेस स्वतन्त्रता र व्यावसायिक पत्रकारिताका लागि भयमुक्त वातावरण पहिलो सर्त हो । लोकतान्त्रिक शासन व्यवस्थामा मात्र प्रेस स्वतन्त्रताको प्रवर्द्धन र व्यावसायिक पत्रकारिता सम्भव हुन्छ । त्यसका लागि लोकतान्त्रिक आचारण र विधिको शासन अनिवार्य हुन्छ । कार्यपालिका, व्यवस्थापिका, राजनीतिक दल, कर्मचारीतन्त्र, सुरक्षा निकाय, नागरिक समाज, विभिन्न सङ्घसंस्था तथा व्यक्तिमा लोकतान्त्रिक आचारण भएन भने लोकतन्त्र भएपनि प्रेस स्वतन्त्रता हुन्छ भन्ने निश्चित हुँदैन् । 'प्रेस स्वतन्त्रता उपभोगको लागि सूचनामा पहुँच र त्यसको निर्वाध प्रवाहको प्रत्याभूति अनिवार्य सर्तका रुपमा रहेको हुन्छ । [१] र, प्रेस स्वतन्त्रताका अधिकारको व्यवहारमा नै अभ्यास हुनु पर्छ ।

प्रेस स्वतन्त्रताको प्रवर्द्धन गर्न स्वतन्त्र न्यायपालिका र संवैधानिक निकायहरुको भूमिका पनि महत्वपूर्ण हुन्छ ।

स्वतन्त्र प्रेसले लोकतन्त्रलाई संस्थागत गर्न र लोकतन्त्रले प्रेस स्वतन्त्रता प्रवर्द्धन गर्न भने सहयोग पुर्‍याउँछ । यी दुई मध्ये एकको भूमिका कमजोर भएमा प्रेस स्वतन्त्रता र पत्रकारको सुरक्षामा आँच आउने गर्छ । यी दुवै र व्यावसायिक पत्रकारिता छ भन्दैमा पनि पत्रकारको शत प्रतिशत सुरक्षा हुँदैन । किनकि निर्भिक रुपमा सत्यतथ्यको उजागर गर्दा पत्रकारमाथि सुरक्षाको खतरा रहन्छ, त्यो जुनसुकै देशमा जस्तोसुकै राजनीतिक शासन प्रणाली होस् ।

प्रेस स्वतन्त्रताको प्रवर्द्धन, रक्षा र पत्रकारको सुरक्षाको वातवारण तयार पार्नु नेपाल पत्रकार महासङ्घको मूलभूत दायित्व हो । त्यस्तै राज्य र गैरराज्य पक्षबाट प्रेसका अधिकार कुण्ठित गर्ने प्रयास हुँदा त्यसको प्रतिवाद गर्ने र रक्षा गर्नमा पनि पत्रकार महासङ्घ र पत्रकारको महत्वपूर्ण भूमिका हुन्छ । पत्रकारको सुरक्षा भन्नाले मूलत : भौतिक र व्यावसायिक सुरक्षा भन्ने बुझिन्छ । भौतिक सुरक्षा बाह्यपक्षका कारण हुन्छ भने व्यावसायिक सुरक्षा धेरै हदसम्म आन्तरिक हुन्छ । यसलाई अर्को अर्थमा प्रेसको सुरक्षा भन्नाले आफ्नो, स्रोतको र तथ्यांकको सुरक्षा भन्ने बुझिन्छ । पत्रकारहरुको सुरक्षामा भौतिक, मनोवैज्ञानिक र पेशागत हुनु पर्छ । त्यस अतिरिक्त डिजिटल सुरक्षा

[१] विष्ट, डा. महेन्द्र । २०७४ । नेपालमा प्रेस स्वतन्त्रता । काठमाडौं : सीएमआर नेपालसँगको सहकार्यमा साङ्ग्रिला पुस्तक प्रालि ।

पनि आवश्यक छ । यी सबै क्षेत्रमा सुरक्षा भएमा मात्र पत्रकारले निर्भिक रुपमा काम गर्ने वातावरण बन्छ ।

नेपालका पत्रकारहरुको साझा संस्था नेपाल पत्रकार महासङ्घले आफ्नो ६ दशक भन्दा लामो यात्रामा पत्रकारको भौतिक र पेशागत सुरक्षालाई उठाउँदै आएको छ । यस अवधिमा मिडिया र पत्रकारको संख्या उल्लेख्य बढेको छ । २०७४ साल साउन २९ गतेसम्म नेपाल पत्रकार महासङ्घको सदस्य लिने पत्रकारको संख्या १३ हजार भन्दा बढी छ । प्रेस काउन्सिल नेपालको वार्षिक प्रतिवेदन २०७२/७३ का अनुसार नेपालभर दर्ता भएका कूल ३७९५ मध्ये (दैनिक, अर्धसाप्ताहिक, साप्ताहिक, पाक्षिक) ८३९ (२२.११%) अखबारहरू प्रकाशित भएका छन् । यीमध्ये दैनिक १९३, अर्धसाप्ताहिक ३, साप्ताहिक ६१५ र पाक्षिक २८ वटा छन् ।

२०७४ साल साउन १५ गतेसम्म ७९० वटा अनलाइन प्रेस काउन्सिल नेपालमा सूचीकृत भएका छन् भने २०७४ साल साउन १९ गतेसम्म सूचना विभागमा ४६४ वटा अनलाइन दर्ता भएका छन् । ७४० एफएम रेडियोले प्रसारणको अनुमति लिएका छन् ।[२] त्यसमध्ये ५६५ वटा एफएम रेडियो प्रसारणमा छन् । ११६ वटा टेलिभिजनले प्रसारणको इजाजत लिएका छन् ।[३] पत्रपत्रिका, रेडियो, टिभी, अनलाइन र तिनमा कार्यरत पत्रकारको भौतिक र व्यावसायिक सुरक्षा नै समग्रमा प्रेसको सुरक्षाको चासोको विषय हो ।

मिडिया, पत्रकारको संख्या, विषयवस्तु, समय र प्रविधिको परिवर्तनसँगै आउने नयाँ–नयाँ समस्या तथा चुनौतीलाई सम्बोधन गर्न पनि महासङ्घले सधै अग्रसरता लिएको इतिहास छ । नीतिगत र व्यवहारिक अप्ठायारा विरुद्धका आन्दोलनमा महासङ्घले सफलता हासिल गर्दै आएको छ ।

नेपाल पत्रकार महासङ्घले आफ्नो विधानमा पत्रकारको सुरक्षालाई विशेष प्राथमिकता दिएको छ । पत्रकार महासङ्घको विधान २०६० (चौथो संशोधन, २०७३) मा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा र प्रवर्द्धनका लागि आवश्यक काम गर्ने, पत्रकार तथा आमसञ्चार माध्यमको व्यावसायिक हकहित र भौतिक सुरक्षाका लागि सक्रिय रहने उल्लेख छ । यस्तै २०७१ साल असार २९ गतेको पत्रकार महासङ्घ केन्द्रीयसमितिको बैठकले पत्रकारको हक हित र सुरक्षा, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता एवं नीतिगत

---

[२] इजाजत प्राप्त एफएम रेडियोहरुको विवरण । Retrieved August 2, 2017 from https://www.moic.gov.np/upload/documents/fm-list-2074-04-16_1501498105.pdf

[३] टेलिभिजन प्रसारणको इजाजतपत्र जारी भएको । Retrieved August 2, 2017 from https://www.moic.gov.np/upload/documents/tv-list-2074-04-16_1501498146.pdf

र कानूनी सुधारलाई सात प्राथमिकतामा राखेको छ ।

२००७ सालमा प्रजतन्त्रको प्रार्दुभाव भएदेखि २०७२ सालमा जारी संविधानमा कुनै न कुनै रुपमा अभिव्यक्ति तथा प्रेस स्वतन्त्रताको व्यवस्था गरेको पाइन्छ । तर, त्यसको अभ्यासमा भने बेला बेलामा समस्या पर्दै आएको छ । पञ्चायती व्यवस्था, संकटकाल र राजाको प्रत्यक्ष शासनमा मात्र होइन, प्रजातन्त्र र लोकतन्त्र हुँदा पनि प्रेस स्वतन्त्रता र पत्रकारको भौतिक सुरक्षाका साथै अरु खालका सुरक्षामा समस्या आउने गरेका छन् । २०७२ सालमा जारी नेपालको संविधानको धारा १९ को उपधारा (१) मा सञ्चारको हक अन्तर्गत 'विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन' भन्ने उल्लेख गरिएको छ । सोही उपधारामा 'तर नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा सङ्घीय इकाइबीचको सु–सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदाय बीचको सु–सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन' भन्ने प्रावधान राखिएको छ, जसले सत्ता र शक्तिमा रहेकाले प्रेसमाथि अंकुश लगाउन चाहे भने बाटो खुल्ला गरेको छ । र, यसले पत्रकार र सञ्चार उद्यमीमा मनोवैज्ञानिक रुपमा असुरक्षा जगाउने गरेको छ ।

जुन सुकै शासन व्यवस्था र पार्टीले सरकारको नेतृत्व गर्दा होस्, संख्यामा तलमाथि हुनु एउटा पक्ष हो, तर, पत्रकारको हत्या गर्ने, यातना दिने, आक्रमण गर्ने, अपहरण गर्ने, बेपत्ता गर्ने, पक्राउ गने, दुर्व्यवहार गर्ने, धम्की दिने, आतंकित पार्ने, प्रकाशन तथा प्रसारणमा हस्तक्षेप लगायतका घटना भएका छन् । त्यस अतिरिक्त परिवारका सदस्यलाई समेत धम्की दिने जस्ता काम पनि भएका छन् । नेपाल पत्रकार महासङ्घका अनुसार २०५२ साल देखि २०७२ सालसम्म ३६ जना पत्रकार मारिएका छन् भने ४ जना पत्रकार बेपत्ता छन् । २०५२ सालदेखि २०७४ साल साउनसम्म ३०४० वटा प्रेस स्वतन्त्रता हननका घटना भएका छन् ।

'आमसञ्चार माध्यमबाट  कुनै समाचार वा जानकारी सार्वजनिक नहोस् भन्ने अभिप्रायले वा कतिपय अवस्थामा आमसञ्चार माध्यमले कुनै सार्वजनिक गरेको प्रतिक्रिया स्वरुप यस्ता आक्रमणका हुने गरेको देखिन्छ ।'[४]

'आमसञ्चार माध्यममाथि गरिने आक्रमण मध्ये सबैभन्दा खतरनाक शारीरिक हिंसा नै हुन्छ । जस अन्तर्गत हत्या, कुटपिट र अङ्गभङ्ग तुल्याइने अवस्थालाई लिइन्छ । मानसिक हिंसा अन्तर्गत पत्रकारले दुर्व्यवहार, दुरुत्साहन वा सेन्सरसीपको अवस्थालाई सामना गर्नु पर्दछ । धम्की यसै अन्तर्गत पर्दछ । तर, अपहरण, विस्थापन, बेपत्ता र यातनाका सन्दर्भमा पत्रकारले शारीरिक र मानसिक दुवै किसिमका हिंसाको सामना गर्नु पर्दछ ।'[५]

पछिल्लो समय डिजिटल सुरक्षाको विषय पनि जल्दो बल्दो रुपमा आएको छ । जसमा 'मोवाइल, कम्प्युटर जस्ता उपकरणको प्रयोग एवं सामाजिक सञ्जालका सुविधा उपयोग गर्दा इन्टरनेटका माध्यमबाट हुन सक्ने र गर्न सकिने व्यक्तिगत सूचनाको चुहावट र चोरी तथा आफूमाथि हुने दुर्व्यवहार'का घटना पनि चुनौतीमा पर्छन ।[६] आफ्ना नागरिक र भौतिक सामग्रीको सुरक्षा गर्नु राज्यको दायित्व हो, जसमा सञ्चार गृह र पत्रकार पनि पर्छन् । पत्रकारको सुरक्षाको वातवरण तयार पार्न सञ्चार गृह, पेशागत  सङ्घसंगठन तथा नागरिक समाज लगायतको भूमिका पनि उत्तिकै रहन्छ । तर, प्रेस स्वतन्त्रता र पत्रकारको सुरक्षाका लागि अहिलेसम्म महत्वपूर्ण उपलब्धि हासिल भएका छन् । तर, यद्यपी पर्याप्त छैनन् ।

फ्रिडम हाउसले कानूनी, आर्थिक र राजनीतिक आधारमा देशलाई स्वतन्त्र, आंशिक स्वतन्त्र र स्वतन्त्र नभएको भनी वर्गिकरण गर्छ, जसमा नेपाल आंशिक स्वतन्त्रको सूचीमा छ । स्वतन्त्रको सूचीमा पुग्न प्रेस स्वतन्त्रता र पत्रकारको सुरक्षा लगायतका नीतिगत र व्यवहारिक समस्यामा धेरै सुधार गर्न आवश्यक छ । महासङ्घले पत्रकारका लगि सुरक्षा रणनीति तयार पार्नुको मूल उद्देश्य पनि पत्रकारहरुको सुरक्षामा थप सहयोग पुऱ्याई प्रेस स्वतन्त्रता र व्यावसायिक पत्रकारितालाई प्रवर्द्धन गर्नु हो ।

---

[४] अर्याल, कुन्दन, मगर उजिर र घिमिरे, समिर । सन् २०१४ । प्रेस स्वतन्त्रता हननको अनुगमनका लागि संस्थागत ढाँचा सम्बन्धी साझा मानदण्ड । काठमाडौं : युनेस्को/नेपाल पत्रकार महासङ्घ ।

[५] प्रेस स्वन्त्रता हननको अनुगमनका लागि संस्थागत ढाँचा सम्बन्धी साझा मानदण्ड । २०७३ । काठमाडौ : नेपाल पत्रकार महासङ्घ, युरोपियन युनियन र इन्टरनेशनल अलर्ट ।

[६] पौड्याल, बद्री, अधिकारी, हरिकला र केसी, भुवन । सन् २०१५ । व्यावसायिक बनौं सुरक्षित रहौं । काठमाडौं : युनेस्को, सञ्चारिका समूह र आइएमएस ।

## २. पत्रकारका सुरक्षा चुनौतीहरु

पत्रकार कार्य क्षेत्रमा रहँदा वा नरहँदा राज्य तथा गैरराज्य पक्षबाट चुनौती रहन्छ । यस्ता सुरक्षा चुनौती मध्येमा कतिपय आउने गर्छन् भने कतिपय निम्ताइने हुन्छ । लोकतान्त्रिक शासन तथा लोकतान्त्रिक संस्कारको अभावमा सुरक्षा चुनौती आउने गर्छ । 'युद्ध, सशस्त्र द्वन्द्व, बन्द हडताल, आन्दोलन र विरोध प्रदर्शन भइरहेको, राजनीतिक संक्रमण रहेको, विभिन्न खालका अपराध गर्ने समूह सक्रिय भएको, अनियमितता र भ्रष्टाचार व्याप्त रहेको ठाउँमा पत्रकारको सुरक्षामा बढी चुनौती आउने गर्छ ।'[७]

व्यावसायिक अभ्यासको अभावमा पनि सुरक्षा चुनौती आउने गर्छ । 'मिडिया र स्वयं पत्रकार अनुशासित नुहँदा पनि पत्रकारमाथि सुरक्षा खतरा उत्पन्न हुन्छ । पत्रकारले आफ्नो आचार संहिता पालना नगर्दा, पेशागत दक्षता र सीप हासिल नगर्दा सुरक्षा खतरा आउन सक्छ ।'[८]

द्वन्द्व बढाउन र द्वन्द्वलाई न्यूनीकरण गर्न मिडियाले निर्वाह गरेका उदाहरण हामीसँग धेरै छन् । त्यसमध्ये तीनवटा उदाहरण यहाँ उल्लेख गरिएको छ : भारतीय अभिनेता ऋतिक रोशनले टेलिभिजन अन्तर्वार्तामा नेपालबारे गलत शब्द प्रयोग भन्दै त्यसको विरोधमा चितवनमा केही युवाले पुत्ला जलाएको समाचार चितवनबाट प्रकाशित हुने चितवन पोष्ट पत्रिकाले प्रकाशित गऱ्यो । त्यस समाचारलाई काठमाडौंबाट प्रकाशित हुने स्पेसटाइम दैनिक प्रकाशित गरेपछि २०५७ साल पुस ११ गते दङ्गा भड्किएको थियो । यस्तै इराकमा १२ जना नेपालीलाई हत्या गरेको विरोधमा समाचार प्रकाशन तथा प्रसरण भएपछि २०६१ साल भदौ १६ गते अर्को दङ्गा भडएिको थियो । यी केही नमूना हुन्, जसमा हिंसा भड्किनुमा मिडिया दोषी थिए । तर, कतिपय बेला नेपाली मिडियाको भूमिका प्रंशसनीय पनि छ । २०६४ साल भदौ ३० गते कपिलवस्तु जिल्लाको वालपुर गाविसमा मोहित खाँको हत्या भएपछि भड्किएको दङ्गामा १४ जना नागरिकको ज्यान गएको थियो । त्यतिबेला स्थितिलाई सामान्य बनाउन मिडियाको भूमिका थियो ।

कपितय बेला व्यावसायिक अभ्यास हुँदाहुँदै पनि पत्रकारमा सुरक्षा चुनौती रहन्छ । किनकि व्यावसायिक पत्रकारिताले सत्य कुराहरु बाहिर ल्याउँछ, त्यो कसैलाई मन

---

[७] पौड्याल, बद्री, अधिकारी, हरिकला र केसी, भुवन । सन् २०१५ । व्यावसायिक बनौं सुरक्षित रहौं । काठमाडौं : युनेस्को, सञ्चारिका समूह र आइएमएस ।

[८] पौड्याल, बद्री, अधिकारी, हरिकला र केसी, भुवन । सन् २०१५ । व्यावसायिक बनौं सुरक्षित रहौं । काठमाडौं : युनेस्को, सञ्चारिका समूह र आइएमएस ।

पर्न पनि सक्छ र नपर्न पनि । सत्य स्वीकार नगर्ने र मन नपराउनेहरुले पत्रकारमाथि धावा बोल्न सक्छन् । प्रेसमाथि सुरक्षा चुनौती ल्याउनेमा प्राय सत्ता र शक्तिमा रहनेहरु हुन्छन्, जो गलत क्रियाकलापमा संलग्न हुन्छन् । यस अतिरिक्त विभिन्न सङ्घसंस्था तथा व्यक्तिबाट पनि चुनौती आउने गर्छ ।

नेपालको सन्दर्भमा राज्यपक्षबाट भौतिक सुरक्षामा चुनौतीहरु देखिएका छन् । त्यसैगरी राजनीतिक दलका कार्यकर्तादेखि धार्मिक संस्थाहरुले पनि प्रेसमाथि दुर्व्यवहार गर्ने गरेका छन् । समाचारको विषयलाई लिएर दुर्व्यवहार गर्नेमा सभासद्, राजनीतिक कार्यकर्ता, मन्त्री, सरकारी कर्मचारी, प्रहरी, जातीय तथा पहिचानको आन्दोलन गर्ने संस्थाका नेता तथा कार्यकर्ता छन् ।[९]

पत्रकारको भौतिक सुरक्षा पत्रकारिताका कारणले हो कि अरु कारणले भन्ने पनि आवश्यक हुन्छ । कतिपय अवस्थामा पत्रकार अर्को पेशा तथा व्यवसायमा आवद्ध हुने, राजनीति गर्ने र गैरकानूनी काममा संलग्न हुँदा समेत पत्रकारको भौतिक सुरक्षामा चुनौती आउने गर्छ ।

कतिपय बेला भौतिक सुरक्षासँग जोडिएर मनोवैज्ञानिक सुरक्षा पनि आउने गर्छ । जसमा धम्की, चेतावनी, ब्याकमेलिङ् पर्छन् । साथसाथै डिजिटल सुरक्षा चुनौती समेत यसमा पर्छ । जसलाई प्रयोग गरेर गाली बेइज्यती, चरित्र हत्या, धम्की लगायत आउने गर्छ । कतिपय बेला आफूले सावधानी नअपनाउँदा पनि डिजिटल सुरक्षामा चुनौती आउँछ ।

पत्रकार महिलामा लैङगिक कारणले पनि थप चुनौती आउन सक्छ । फिल्डका अतिरिक्त कार्यालयमा लैङ्गिक मैत्री वातावरण भएन भने यौन दुर्व्यहार र यौन हिंसा हुन सक्छ । त्यसैगरी ट्र्यापिङ, हयाकिङ र डिजिटल सेक्युरिटी पनि उनीहरुका लागि अझ बढी चुनौती हुन सक्छ ।

पत्रकारको पेशागत सुरक्षा पनि अर्को महत्वपूर्ण पक्ष हो । नेपाल पत्रकार महासङ्घको पहल र श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक निर्धारण समितिको सिफारिशमा ऐन कार्यान्वयन हुने राष्ट्रिय मिडियामा पत्रकारको न्यूनतम परिश्रमिक १९,५०० तोकेको छ । तर, त्यसको कार्यान्वनयमा समस्या छ । समितिका अनुसार ऐनले तोक बेमोजिम न्यूनतम पारिश्रमिक नपाउनेको संख्या ३२ दशमलव ३ प्रतिशत छ ।[१०] आर्थिक पक्षले पनि पेशागत सुरक्षामा महत्वपूर्ण भुमिका निर्वाह गर्छ ।

---

[९] गाउँले, शिव । सन् २०१२/१३ । आक्रमण, दुर्व्यवहार, धम्की र तोडफोड, प्रेस स्वतन्त्रता वार्षिक प्रतिवेदन । काठमाडौं : नेपाल पत्रकार महासङ्घ ।

[१०] २०७४ साल साउन १५ गते न्यूनतम पारिश्रमिक निर्धारण समितिले जारी गरेको प्रेस विज्ञप्ति ।

'पत्रकारितासँग सम्बन्धित निमय कानून लागू नहुँदा, उचित पारिश्रमिक र सेवा सुविधा नहुँदा, बीमा सुविधा नहुँदा, बिदाको व्यवस्था नुहँदा पत्रकारले असुरक्षित महसुस गर्छन् । त्यस्तै काम गर्ने वातावरण नुहँदा, शैक्षिक योग्यता र दक्षताको कदर नुहँदा, उचित अवसर र जिम्मेवारी नहुँदा, दक्षता वृद्धिको सम्भावना नहुँदा, तालिम र अध्ययनको व्यवस्था नहुँदा, राजनीतिकरण र गुटबन्दी हुँदा, जनशक्ति भित्र्याउने र बिदा गर्ने स्पष्ट थिति नहुँदा पनि पत्रकारले आफू असुरक्षित भएको महसुस गर्छन ।'[११]

दण्डहिनताले पनि पत्रकारको सुरक्षामा चुनौती आउने गर्छ । सुरक्षा चुनौतीले गर्दा स्वनियन्त्रण समेत हुन सक्छ । यस्तै प्राकृतिक विपत्ति, दुर्घटना, यात्रा लगायत पनि पत्रकारलाई सुरक्षा चुनौती आउन सक्छ । संक्रमणकाल पूर्ण रुपमा अन्त्य नहुनु, लोकतान्त्रिक संविधान पूर्ण रुपमा कार्यान्वयनमाा नआउनु, जातियता, क्षेत्रीयता र दलिय रुपमा समाज चर्को विभाजित हुनु, 'नयाँ नेपाल' निर्माण  निर्माणको अस्पष्ट संकल्प पूरा गर्ने नाममा भएका थरी थरीका अभ्यास/प्रयोगले पनि प्रेस जगत असुरिक्षत भएको छ ।

## ३. उद्देश्य

नेपाल पत्रकार महासङ्घले जारी गरेको यस पत्रकार सुरक्षा नीतिको समग्र उद्देश्य नेपाल पत्रकार महासङ्घका सदस्यहरु लगायत नेपालमा कार्यरत सम्पूर्ण पत्रकार हरुको भौतिक, मनौवैज्ञानिक, पेशागत, डिजिटल तथा अन्य सबै प्रकारको सुरक्षा प्रत्याभुत गराउनु हो । यस नीतिले पत्रकारहरुको सुरक्षा चुनौतीको मुल्यांकन गरी आवश्यक सम्बोधन र महासङ्घको भूमिकालाई स्पष्ट गरेको छ । यस नीतिका मुख्य उद्देश्यहरु निम्नअनुसार रहेका छन् :

१. पत्रकारहरुमाथि हुने आक्रमण, धम्की, पेशागत असुरक्षा लगायतका सुरक्षा चुनौतीहरुलाई संवेदनशीलताका आधारमा वर्गीकरण गर्ने
२. सुरक्षा चुनौतीको संवेदनशीलताका आधारमा नेपाल पत्रकार महासङ्घले खेल्नु पर्ने भूमिका र जोखिम न्यूनीकरणका लागि गर्नु पर्ने कार्यहरु स्पष्ट पार्ने
३. पत्रकार सुरक्षाका लागि नेपाल पत्रकार महासङ्घ केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुमा रहने पत्रकार सुरक्षा संयन्त्रका बारेमा स्पष्ट गर्ने
४. भौतिक असुरक्षाका विषयको अभिलेखीकरणमा एकरुपता कामय गर्ने ।
५. पत्रकार सुरक्षाका विषयमा सम्बद्ध अन्य निकायसँग सहकार्यको आधार तयार गर्ने ।

---

[११] पौड्याल, बद्री, अधिकारी, हरिकला र केसी, भुवन । सन् २०१५ । व्यावसायिक बनौं सुरक्षित रहौं । काठमाडौं : युनेस्को, सञ्चारिका समूह र आइएमएस ।

## ४. सुरक्षा चुनौतीको वर्गीकरण

नेपाल पत्रकार महासङ्घद्वारा तयार गरिएको प्रेस स्वतन्त्रता हननका लागि संस्थागत ढाँचा सम्बन्धी साझा मानदण्डले पत्रकारहरुमाथि हुन सक्ने आक्रमण र असुरक्षाको अवस्थालाई १० प्रकारमा विभाजित गरेको छ । ती प्रकारलाई पनि थप विभाजन गरी घटनाको अभिलेखीकरण गर्ने गरिएको छ । यस नीति अन्तर्गत तिनै प्रकारलाई तिनको संवेदनशीलताको आधारमा वर्गीकृत गरिएको छ ।

| शिर्षक | विभाजन | संवेदनशीलता |
|---|---|---|
| **मृत्यु/हत्या** | लक्षित हत्या | अति संवेदनशील |
| | लक्षित नगरी भएको हत्या | अति संवेदनशील |
| | शंकास्पद मृत्यु | संवेदनशील |
| | दुर्घटनाबाट मृत्यु | प्रेस स्वतन्त्रतासँग असम्बन्धित (अपवाद हुन सक्ने) |
| | आत्महत्या | संवेदनशील |
| | प्राकृतिक मृत्यु | प्रेस स्वतन्त्रतासँग असम्बन्धित |
| **गिरफ्तारी** | स्वेच्छाचारी गिरफ्तारी | अति संवेदनशील |
| | गिरफ्तार गरी हिरासतमा राखिएको | संवेदनशील |
| | जेल चलान | सामान्य |
| | अल्पकालिन नियन्त्रण | संवेदनशील |
| | यातनासहित नियन्त्रण | अति संवेदनशील |
| **बेपत्ता** | बेखबर | सामान्य |
| | बेपत्ता पारिएको | अति संवेदनशील |
| | अपहरण | अति संवेदनशील |
| **कब्जा/अवरोध** | जफत | संवेदनशील |
| | साधन लुटपाट | संवेदनशील |
| | संस्था नियन्त्रण | अति संवेदनशील |
| | सञ्चार संस्था अवरुद्ध | संवेदनशील |
| | रिपोर्टिङमा अवरोध | सामान्य |
| | प्रकाशन प्रसारण वा वितरणमा अवरोध | सामान्य |

| | | |
|---|---|---|
| **आक्रमण** | हत्या प्रयास | अति संवेदनशील |
| | चोटपटक | संवेदनशील |
| | कुटपिट | संवेदनशील |
| | आगजनी | संवेदनशील |
| **लैङ्गिक हिंसा** | बलात्कार | अति संवेदनशील |
| | बलात्कार प्रयास | अति संवेदनशील |
| | यौनजन्य दुर्व्यवहार | संवेदनशील |
| **धम्की** | ज्यान मार्ने धम्की | अति संवेदनशील |
| | मनोवैज्ञानिक धम्की | संवेदनशील |
| | गालीगलौज | सामान्य |
| | परिवारका सदस्यलाई धम्की | संवेदनशील |
| | अन्य धम्की | सामान्य |
| **विस्थापन** | विस्थापन | अति संवेदनशील |
| **पेशागत असुरक्षा** | रोजगारीबाट बिमुख गराउने | संवेदनशील |
| | सेवा सुविधाबाट वञ्चित | संवेदनशील |
| | कामबाट वञ्चित | सामान्य |
| **नीतिगत बन्देज** | नीतिगत बन्देज | संवेदनशील |
| **डिजीटल सुरक्षा** | पासवर्ड चोरी | संवेदनशील |
| | सामग्री मेटाउने | ,, ,, |
| | सामग्री चोर्ने | ,, ,, |
| | अनावश्यक सामग्री पठाउने | ,, ,, |

## ५. सुरक्षा चुनौतीको सामना गर्ने नीति

नेपाल पत्रकार महासङ्घले पत्रकार सुरक्षासँग सम्बन्धित घटना र विषयहरुलाई सम्बोधन गर्दा तिनको संवेदनशीलताको आधारमा गर्नेछ । यसका साथै घटनाको प्रकृति, प्राप्त जानकारी र त्यो घटना कुन क्षेत्रमा भएको हो त्यसको आधारमा प्रतिक्रिया जनाउनेछ । महासङ्घले कुनै पनि घटनाको सम्बोधन गर्दा, पीडितलाई न्याय र पीडकलाई कारवाहीका लागि पहल गर्दा, त्यस्तो घटना पत्रकारिता पेशासँग सम्बन्धित हो वा होइन भन्ने निर्क्यौल गरी सोही अनुसार गर्नेछ ।

### ५.१ जानकारीमा लिने/ सम्बन्धित पक्षहरुसँग बुझ्ने

नेपाल पत्रकार महासङ्घले पत्रकार र पत्रकारितासँग सम्बन्धित सबै खालका घटनाबारे जानकारी लिनेछ। कम संवेदनशील घटनाहरु, पुष्टि हुन नसकेका घटनाहरु र पत्रकारिता पेशा वा प्रेस स्वतन्त्रता उल्लंघनसँग असम्बन्धित तर आफ्ना सदस्य वा पत्रकारहरुमाथि भएका घटनाहरुका बारेमा महासङ्घले ती घटनाहरुलाई जानकारीमा लिने र आफ्नो डाटाबेसमा अभिलेख गर्नेछ। यदि ती पत्रकार सुरक्षा र प्रेस स्वतन्त्रता उल्लंघनसँग सम्बन्धित सामान्य घटना हुन् भने तिनका बारेमा महासङ्घले सम्बन्धित पक्षहरुसँग बुझ्ने र आवश्यक भए सहमतीका लागि पहल गर्नेछ।

### ५.२ विज्ञप्ति प्रकाशित गर्ने

पत्रकार सुरक्षा र प्रेस स्वतन्त्रता उल्लंघनसँग सम्बन्धित सबै घटनाहरुमा महासङ्घले प्रेस विज्ञप्ति जारी गरी सम्बन्धित पक्षको ध्यानाकर्षण गर्नेछ। यसरी विज्ञप्ति प्रकाशित गर्दा घटनाको संवेदनशीलताका आधारमा भाषा र प्रस्तुति प्रयोग गरिनेछ। जसमा ध्यानाकर्षण गराउने, घटना छानबनका लागि वा दोषीलाई कारवाहीका लागि माग गर्ने, चेतावनी दिने जस्ता व्यवहोरा रहनेछ। सामान्य प्रकृतिका घटनामा महासङ्घ जिल्ला कार्यसमिति वा प्रदेश कार्यसमितिले र संवेदनशील तथा अति संवेदनशील घटनामा महासङ्घ केन्द्रले विज्ञप्ति जारी गर्नेछन। त्यसोगर्दा पत्रकार व्यावसायिक कार्यको शिलशिलामा असुरक्षित भएको हो वा अन्य कारणले हो भन्ने बारे दोहोरो परीक्षण प्रणाली अवलम्बन गरिनेछ।

### ५.३ दबाबमूलक गतिविधि गर्ने

संवेदनशील तथा अति संवेदनशील घटनाहरुका हकमा महासङ्घले समाधानका लागि अपिल गर्नेछ। तर यथासमयमा ती घटनाहरुको समाधान ननिस्किएमा वा सम्बन्धित पक्षहरुले समाधानका लागि चासो नदेखाएमा महासङ्घले दबावमूलक गतिविधिहरु गर्नेछ। यस्ता गतिविधिहरुको प्रकृति घटनाको अवस्था हेरी महासङ्घ केन्द्रले निर्णय गरेको आधारमा तय गरिनेछ। यस्ता गतिविधिहरु जिल्ला, प्रदेश वा केन्द्रीयस्तरमा गर्न सकिनेछ।

### ५.४ मुद्दा दर्ता गर्ने/गराउने

पत्रकार सुरक्षा र प्रेस स्वतन्त्रता उल्लंघन सम्बन्धि अति संवेदनशील घटनाहरुमा महासङ्घले मुद्दा दर्ता गर्ने वा गराउनका लागि पहल गर्नेछ। संवेदनशील घटनाहरुमा समेत मुद्दा दर्ता गराउनका लागि पहल गर्नेछ। प्रथमतः घटनाको उजुरी सम्बन्धित

सुरक्षा निकायमा गरिने छ भने घटनाको प्रकृति हेरी प्रशासन, मिडिया सम्बन्धित निकाय, श्रम सम्बन्धित निकाय, अर्ध न्यायिक निकाय वा अदालतमा मुद्दा दर्ता गर्न सकिनेछ ।

**५.५ उद्धार गरी स्थान परिवर्तन गर्ने**

हत्या प्रयास, हत्या गर्ने धम्की, बलात्कार, बलात्कार प्रयास जस्ता अति संवेदनशील घटनाहरुमा आवश्यक भएमा महासङ्घले पीडित पक्षलाई जोखिम क्षेत्रबाट उद्धार गरी स्थान परिवर्तन गराउन सक्नेछ । यसरी गरिने स्थान परिवर्तन छोटो र लामो अवधीका लागि हुनसक्नेछ । स्थान परिवर्तन गरिएका पीडित पत्रकारलाई सकेसम्म बढी सुरक्षित स्थानमा राख्ने व्यवस्था महासङ्घले मिलाउनेछ भने यस्तो कार्यवाहीको जानकारी सुरक्षा निकायलाई दिई सुरक्षाको अधिकतम प्रबन्ध मिलाउनेछ । स्थान परिवर्तन गर्दा/गराउँदा सम्बन्धित पीडित पक्षको सहमती अनिवार्य रुपमा लिनु पर्नेछ ।

**६. गोपनीयता सम्बन्धी नीति**

पत्रकार सुरक्षा र प्रेस स्वतन्त्रता उल्लंघनसँग सम्बन्धित घटनाहरुको सम्बोधन गर्दा महासङ्घले पीडित पक्षको व्यक्तिगत गोपनीयताको सम्मान गर्नेछ । पीडितको नाम सार्वजनिक गर्नु अघि अति संवेदनशील घटनाहरुमा पीडितको लिखित सहमती र अन्य घटनाहरुमा मौखिक सहमति लिनु आवश्यक हुनेछ । घटना पुष्टि नभइसकेको अवस्थामा प्रतिक्रिया जनाउनु पर्ने भए पीडक भनिएको पक्षको समेत गोपनीयतालाई सम्मान गर्नुपर्नेछ । त्यस्तै व्यक्तिको जिउ, सम्पत्ति, पत्राचार, तथ्यांक, आवासबारे समाचार तथा सम्पादकीय टिप्पणी तयार पार्दा गोपनियता र व्यक्तिगत मामिलाको ख्याल गरिनेछ ।

**७. पत्रकार स्वयंले अपनाउनु पर्ने सतर्कता**

पत्रकारहरुमाथि असुरक्षाको अवस्था बाह्य कारणहरुले मात्र नभई आफ्नै व्यवहार, काम गर्ने शैली र सुरक्षा सतर्कता नअपनाउँदा समेत आउने गरेको छ । यस्तो अवस्थाको न्यूनीकरण गर्न पत्रकार स्वयंले पनि आफ्नो सुरक्षालाई ध्यान दिइ काम गर्नु पर्दछ । यसका लागि पत्रकार स्वयंले निम्न अनुसार सतर्कता अपनाउनु पर्नेछ ।

**७.१ आचार संहिताको पूर्ण पालना गर्ने**

प्रत्येक पत्रकारले आफूले कुनै पनि विषयको रिपोर्टिङ गर्दा नेपाल पत्रकार महासङ्घको सहमतिमा प्रेस काउन्सिल नेपालद्वारा जारी गरिएको र नेपाल पत्रकार महासङ्घको

विधानमा उल्लेख गरिएको पत्रकार आचार संहिता **२०७३,** त्यसमा हुने संशोधन वा त्यसपछि जारी भएका आचार संहिताको पूर्ण पालना गर्नु पर्नेछ । यसका साथै महासङ्घले जारी गरेको वा महासङ्घले स्वामित्व लिएको आचार संहिता पालना गर्नुपर्नेछ । यस्तै बेला–बेलामा जारी हुने नीति वा निर्देशनको समेत पालना गर्नुपर्नेछ । यदि पत्रकार सम्बद्ध सञ्चार संस्थाले कुनै किसिमको आचार संहिता जारी गरेको छ भने त्यसको पनि पालना गर्नु पर्नेछ ।

### ७.२ व्यक्तिगत सुरक्षाको ख्याल गर्ने

रिपोर्टिङ गर्दा वा पत्रकारिता सम्बन्धित कुनै पनि कार्य गर्दा पत्रकारहरुले आफ्नो व्यक्तिगत शारीरिक, मनोवैज्ञानिक तथा अन्य प्रकारका सुरक्षलाई ख्याल गरी काम गर्नु पर्छ । सूचना र समाचार सम्प्रेषण गर्नु पत्रकारहरुको मूल कर्तव्य भएको कुरालाई आत्मसात गर्दै व्यक्तिगत सुरक्षामा आँच नआउने किसिमले काम गर्दा कतिपय सम्भावित असुरक्षाका घटनाहरु न्यूनीकरण हुन सक्छन् । त्यसैगरी डिजिटल सुरक्षा पनि पत्रकारले ध्यान दिर्नुपर्नेछ ।

### ७.३ समाचारको संवेदनशीलतालाई बुझेर सोही अनुसार तयारी गर्ने

कुनै पनि समाचार संकलन तथा सम्प्रेषण गर्दा समाचारको विषयवस्तुको संवेदनशीलतालाई बुझेर सोही अनुसार सुरक्षाको तयारी गर्नु पर्दछ । समाचारका कारण भोली आउन सक्ने अवस्थाको आँकलन गरी आफू सम्बद्ध सञ्चार संस्थालाई पूर्व जानकारी गराउने, सुरक्षा निकायहरुलाई जानकारी दिई चनाखो बनाउने, कस्ता व्यक्ति, संस्था वा समूहबाट असुरक्षाको अवस्था श्रृजना हुन सक्छ भन्ने पूर्व अनुमान गरी निगरानी बढाउने, आदि जस्ता कामहरुले समाचारका कारण हुनसक्ने असुरक्षालाई न्यूनीकरण गर्नसक्छ ।

### ७.४ महासङ्घको सम्बन्धित शाखामा तुरुन्तै सूचना गर्ने

पत्रकारमाथि असुरक्षा वा प्रेस स्वतन्त्रता उल्लंघनको कुनै पनि घटना भएमा तुरुन्तै महासङ्घको सम्बन्धित शाखामा खबर गर्दा महासङ्घले तुरुन्तै आवश्यक कदम उठाउन सहज हुन्छ । त्यसैले त्यस्ता घटना हुने बित्तिकै नेपाल पत्रकार महासङ्घको सम्बन्धित शाखालाई जानकारी दिनुपर्छ । यसका साथै आफू सम्बद्ध मिडिया तथा अन्य सङ्घसंस्थालाई पनि यथाशिघ्र खबर गर्दा सुरक्षित हुन सहयोग पुग्छ ।

### ७.५ सुरक्षा निकायहरुलाई खबर गर्ने

अति संवेदनशील प्रकृतिका घटना हुँदा वा आपराधिक चरित्रका कुनै पनि घटना

आफूमाथि आउन सक्छ भन्ने लागेमा वा आइपर्दा पीडितले स्वयं वा नेपाल पत्रकार महासङ्घको सम्बन्धित शाखामार्फत सुरक्षा निकायलाई खबर गर्ने वा उजुरी गर्ने गर्नुपर्छ । यसो गर्दा आफूलाई सुरक्षित राख्न सहयोग हुनुका साथै भविष्यमा कुनै पनि प्रकारको कानुनी कारवाही अघि बढाउनु पर्ने अवस्थामा सहज हुन्छ । शाखा वा सञ्चार प्रतिष्ठानले आफ्नो जानकारीमा आएका यस्ता सूचनाहरु तत्काल केन्द्रमा उपलब्ध गराउनुपर्नेछ ।

**८. पत्रकार सुरक्षा तथा प्रेस स्वतन्त्रता उल्लंघन अनुगमन, अभिलेखीकरण तथा सम्बोधनका लागि संयन्त्र**

पत्रकार सुरक्षाको सुनिश्चितता गर्नु, प्रेस स्वतन्त्रता उल्लंघनका घटनाहरुको अभिलेखीकरण गर्नु र त्यस्ता घटनाहरुलाई नीतिगत रुपमा आवश्यक सम्बोधन गर्नु नेपाल पत्रकार महासङ्घको मूल दायित्व हो । यसका लागि महासङ्घ केन्द्रीय समितिमा प्रेस स्वतन्त्रता अनुगमन समितिको व्यवस्था गरिएको छ । प्रेस स्वतन्त्रता उल्लंघन तथा पत्रकार सुरक्षाका विषयको अनुगमन गर्ने र नीति निर्माण गर्ने मूल समितिको रुपमा यस समितिले काम गर्दछ । यसको मातहत रही अनुगमन तथा अभिलेखीकरणका प्राविधिक काम सम्पन्न गर्न महासङ्घ केन्द्रीय कार्यालयमा प्रेस स्वतन्त्रता अनुगमन एकाइ समेत रहेको छ । यस्तै प्रकारको समिति महासङ्घका सम्पूर्ण प्रदेश तथा जिल्ला कार्यसमितिहरुमा समेत रहने व्यवस्था गरिनेछ । प्रदेश तथा जिल्ला शाखाहरुले अनुकुलता अनुसार आफ्नो स्तरमा प्रेस स्वतन्त्रता अनुगमन एकाइ समेत राख्न सक्ने छन् ।

महासङ्घले प्रेस स्वतन्त्रता उल्लंघन तथा पत्रकार सुरक्षा सम्बन्धी घटनाहरुको अभिलेख राख्ने एउटा अनलाइन डाटाबेस तयार गरेको छ । यो अनलाइन डाटाबेसमा सम्पूर्ण घटनाहरुको प्रारम्भिक अभिलेखिकरण, तिनका फलोअप, महासङ्घले गरेको सम्बोधन तथा पीडित पक्षले न्याय पाए नपाएको समेत अभिलेख राख्ने व्यवस्था गरिएको छ । यस डाटाबेसमा महासङ्घ प्रदेश तथा जिल्ला शाखाबाट तोकिएका व्यक्तिले समेत घटनाको अभिलेख राख्ने सक्नेछन् । यो डाटाबेस नेपालमा प्रेस स्वतन्त्रता तथा पत्रकार सुरक्षाको क्रमबद्ध अध्ययन गर्न र त्यस अनुसार पैरवी गर्नका लागि महत्वपूर्ण हुनेछ ।

प्रेस स्वतन्त्रता तथा पत्रकार सुरक्षाको अवस्था विश्लेषण गरी सोही अनुसार विभिन्न पक्षहरुसँग समन्वय गर्न र घटनाहरुलाई तुरुन्तै सम्बोधन गर्नका लागि महासङ्घले केन्द्र र पाँच जिल्लामा पत्रकार, प्रशासन, सुरक्षा निकाय, मानवअधिकार रक्षक, निजी क्षेत्र, कानून व्यवसायी र अन्य नागरिक समाजको समेत प्रतिनिधित्व हुने गरी ‘फ्री

मिडिया नेटवर्क' नामक संयन्त्र गठन गरेको छ । हाल प्रयोगका रुपमा पाँच जिल्लामा मात्र सिमिति गरिएको यस्तो समितिको प्रभावकारिता अध्ययन गरी आगामी दिनमा सबै जिल्लाहरुमा विस्तार गर्ने योजनामा महासङ्घ रहेको छ ।

संयन्त्रहरुका अतिरिक्त महासङ्घ र राष्ट्रिय मानवअधिकार आयोगको समन्वयमा आयोगकै कार्यालयमा रहने गरी पत्रकार सुरक्षा तथा प्रेस स्वतन्त्रता अनुगमन समिति स्थापना गर्ने कार्य अघि बढाइएको छ । पत्रकारहरुमाथि हुने आक्रमण, धम्की आदि लगायत प्रेस स्वतन्त्रता उल्लंघन सम्बन्धि सबै घटनाहरुको अनुगमन, अध्ययन र कारवाही गर्नु यस समितिको मूल उद्देश्य हो । यस समितिमा महासङ्घ, आयोग, गृह प्रशासन, सञ्चार प्रशासन, सुरक्षा निकाय, विज्ञ आदि जस्ता सरोकारवालाहरु समावेश गर्ने प्रस्ताव गरिएको छ । समितिको गठन पछि आयोगको कार्यालयमा नै रहने गरी प्रेस स्वतन्त्रता उल्लंघन अनुगमन डेस्क समेत रहनेछ ।

### ९. **समन्वय र सहकार्य**

पत्रकार तथा सञ्चार माध्यममा मानव अधिकार रक्षक हुनुका साथै समाजको आवाज अभिव्यक्त गर्ने माध्यम समेत हुन् । यसर्थ यिनको सुरक्षा समाजको पनि जिम्मेवारी भएकोले पत्रकार सुरक्षाको निम्ति पेशाकर्मीहरुको सञ्जाल 'पापड' का साथै नागरिक समाजका सङ्घ संस्थाहरुसँगको सहकार्य जरुरी छ । यसको निम्ति नीतिगत र घटना विशेषमा अति संवेदनशील स्थिति आउँदा महासङ्ले समन्वय र सहकार्य गरी समस्या समाधानमा साथ लिनेछ ।

### १०. **लागु**

पत्रकार सुरक्षा नीति, २०७४ नेपाल पत्रकार सङ्घको २५ औं महाधिवेशन (२०७४ भदौ ४ र ५)मा प्रस्तुत गरी तत्काल लागु गरिनेछ ।

### ११. **संशोधन तथा परिमार्जन**

मुल्याङ्कन र समय अनुसार पत्रकार सुरक्षा नीति, २०७४ लाई संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।